# अध्याय तीन

# नेपाली मिडियाका पुस्तक प्रकाशनः विविध पाटाहरू

सन् २००७ को मध्यसम्ममा आइपुग्दा प्रकाशित नेपाली मिडियाका पुस्तकको कुल सङ्ख्या चार सय नाघिसकेको छ ।[१] सन् २००० पछिको अवधिमा पुस्तक प्रकाशनले निकै तीव्रता पाएको छ । त्यसपछिको अवधिमा मात्र दुई सयभन्दा बढी पुस्तक प्रकाशित छन् । मार्टिन चौतारीका शेखर पराजुलीद्वारा सन् २००२ को अन्त्यमा गरिएको एउटा अध्ययनले सन् २००१ र २००२ गरी दुई वर्षको

---

[१] मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्रले विगत केही वर्षदेखि नेपालभित्र वा बाहिरबाट प्रकाशित नेपाली मिडियाका पुराना तथा नयाँ पुस्तकहरू सङ्कलन गर्दै आएका छन् । यसरी सङ्कलित पुस्तक मार्टिन चौतारीअन्तर्गत सञ्चालित मिडिया स्रोत सामग्री केन्द्रमा राखिएको छ । यस अध्यायमा उल्लिखित पुस्तक सङ्ख्या (र यो अध्ययन) को मुख्य आधार पनि सोही सङ्कलन नै हो । यो सङ्कलनमा मिडियाको एउटा पनि पुस्तक छुटेको छैन भन्ने दाबी त छैन तर थोरै मात्र पुस्तक छुटेका होलान् भन्ने हाम्रो विश्वास छ । यो अध्याय सन् २००४ को अन्त्यतिर पहिलोपल्ट लेखिएको हो (हुमागाईं २०६२ग) । त्यसै हुनाले त्यसबेलाका हिसाबले पछिल्लो दुई वर्षको समयलाई छनोट गरेर त्यही समयको तथ्याङ्कमा मुख्यतया यो अध्याय आधारित छ । मिडियाका पुस्तक प्रकाशनमा त्यस बेला देखिएका प्रवृत्तिहरूमा अहिले पनि खास फरक पाउन सकिएको छैन । तसर्थ त्यस बेलाको विश्लेषण अहिलेको हकमा पनि उत्तिकै सान्दर्भिक छ । यद्यपि उक्त लेखमा केही थपघट गर्ने सिलसिलामा सन् २००४ पछाडिको अवधिका कतिपय तथ्याङ्क र प्रसङ्गहरू पनि यहाँ समावेश गरिएको छ ।

अवधिमा प्रकाशित पुस्तकको सङ्ख्या ४८ देखाएको थियो।[२] त्यसपछिको दुई वर्ष अर्थात् सन् २००३ र २००४ मा मात्र प्रकाशित पुस्तकको सङ्ख्या ६० थियो भने सन् २००४ देखि २००७ को मध्यसम्म अर्थात् अढाई वर्षको अवधिमा प्रकाशित पुस्तकको सङ्ख्या एकसय भन्दा अधिक छ। यस हिसाबले हरेक वर्ष पुस्तक प्रकाशनको क्रम बढ्दै गएको छ भने पछिल्ला हरेक वर्षमा ३० देखि ४० को सङ्ख्यामा नेपाली मिडियाका पुस्तक प्रकाशन हुने गरेको देखिन्छ।

मिडियाको प्राज्ञिक अनुसन्धानको संरचनाका विषयमा कुरा गर्दा पुस्तक प्रकाशनको वातावरण पनि महत्त्वपूर्ण पक्ष हो। सम्बन्धित विषयका पाठ्य तथा स्रोत पुस्तकहरू पर्याप्त मात्रामा उपलब्ध हुँदा भावी अनुसन्धानका लागि अनुसन्धानकर्तालाई एक किसिमको आधार प्राप्त हुन्छ र आफ्नो अनुसन्धान अगाडि बढाउन सहज हुन्छ। मिडियाका पुस्तक प्रकाशनको वातावरणको सन्दर्भमा सर्वप्रथम यस क्षेत्रमा के कस्ता पुस्तक निस्किरहेका छन्; पुस्तक प्रकाशनलाई के कसरी प्रवर्द्धन गरिएको छ अर्थात् यसमा कस्ता कस्ता प्रकाशकहरूको रुचि छ र क-कसले टेवा पुऱ्याउँदै आएका छन् जस्ता प्रश्नको उत्तर खोजिनु आवश्यक छ। यस्तो उत्तरले मिडिया अनुसन्धानको प्राज्ञिक संरचनाको एउटा पाटोलाई उजागर गर्दछ।

पुस्तक प्रकाशन भइसकेपछि केही पुस्तकका एकाध समीक्षा पत्रपत्रिकामा छापिने बाहेक समग्र मिडिया पुस्तक प्रकाशनबारे खासै अनुसन्धान हुने गरेको पाइन्न। नेपाल प्रेस इन्स्टिच्यूटबाट प्रकाशन हुने *खबर* द्वैमासिकमा लेखकको नाम उल्लेख नगरीकन एउटा लेख (नाम नखुलेको २०५७) प्रकाशित छ। यसमा पत्रकारिता विषयका पुस्तक प्रकाशनको भूमिका प्रस्तुत गर्दै केही पुस्तकहरूले समेटेका विषयवस्तुबारे थोरै चर्चा गरिएको छ। अर्थात् यो लेख पनि सीमित पुस्तकहरूको परिचयभन्दा बाहिर गएको छैन। पुस्तक प्रकाशनको क्रम वर्षेनी बढ्दै गएको भए पनि यसको प्रक्रिया वा प्रवृत्तिलाई लिएर हामीकहाँ खासै अध्ययन भएको भेटिँदैन। पराजुलीद्वारा गरिएको माथि उल्लिखित अध्ययन यस्ता पुस्तक प्रकाशनको अवस्था र यस कार्यमा विभिन्न रूपले संलग्न पात्रहरूप्रति केन्द्रित थियो। तर उक्त अध्ययन पुस्तक वा पत्रपत्रिकामा प्रकाशित नभई

[२] मार्टिन चौतारीमा २०५९ पुस ११ (२६ डिसेम्बर २००२) मा 'नेपाली मिडियाका पुस्तक र मिडिया अनुसन्धानका समस्याहरू' विषयक छलफल आयोजना गरिएको थियो। त्यसै छलफलको सिलसिलामा पराजुलीले नेपाली मिडियाका पुस्तक प्रकाशनको पछिल्ला दुई वर्ष (सन् २००१ र २००२) को अवस्थाबारे एउटा अध्ययन गरेका थिए। यस लेखमा प्रस्तुत ती दुई वर्षका तथ्याङ्क त्यसै छलफलमा वितरित हाते सामग्रीमा आधारित छ।

छलफलका क्रममा वितरित हाते सामग्रीमात्र भएका कारण यससम्बन्धी जानकारी ज्यादै सानो घेराभित्र सीमित भयो ।

नेपाली मिडियाका पुस्तक प्रकाशनको स्थितिबारे अध्ययनको कमी महसुस गरेर यो अध्ययन गरिएको हो । यसमा नेपाली मिडियाका पुस्तक प्रकाशनका केही पाटाहरूबारे विश्लेषण गरिएको छ । प्रकाशित पुस्तकहरूले नेपाली मिडियाका कुन कुन क्षेत्रहरू (जस्तैः छापा, रेडियो, टेलिभिजन) के कति मात्रामा समेटेका छन्; कस्ता किसिमका पुस्तकहरू (जस्तैः अनुसन्धानमूलक, पाठ्यपुस्तक/हाते किताब, सन्दर्भ सामग्री आदि) प्रकाशित छन्; पुस्तकको लेखन तथा प्रकाशनमा के कस्ता व्यक्ति वा संस्थाहरू कुन रूपमा संलग्न छन् आदि प्रश्नहरूको जवाफ खोज्नु यो लेखको उद्देश्य हो । त्यसका लागि यस अध्ययनमा दुई वर्ष (सन् २००३ र २००४) को अवधिलाई केस स्टडीको रूपमा लिइएको छ । यसले पछिल्ला वर्षहरूमा हामीकहाँ मिडियाका पुस्तक प्रकाशनमा प्रत्यक्ष संलग्न पक्ष र प्रवृत्तिबारे जानकारी दिनेछ । तर पुस्तकमा समेटिएका विषयवस्तु, पुस्तकको विक्री वितरण वा बजार र प्रकाशनको आर्थिक लेखाजोखालाई यहाँ मिहिन ढङ्गले केलाइएको छैन । ती पक्षहरू छुट्टै अध्ययनका विषय हुन सक्छन् ।

यस अध्यायमा प्रकाशित पुस्तकका प्रकार वा स्वरूप, यसमा संलग्न प्रकाशकको संस्थागत स्वरूप, पुस्तक प्रकाशनमा दातृसंस्थाहरूले दर्शाएको सहभागिता, पुस्तक लेखन वा सम्पादन कार्यमा व्यक्तिगत संलग्नता तथा अन्य केही पक्षहरू र प्रकाशनमा देखा परेका चुनौतीबारे छुट्टाछुट्टै शीर्षकमा चर्चा गरिएको छ । अध्याय मुख्यरूपमा पाँच खण्डमा विभाजित छ । अन्त्यमा निष्कर्ष छ ।

## पुस्तकका प्रकार र तिनका विषय

नेपाली मिडियाका पुस्तकहरू सबै एकै खाले छैनन् । केही पुस्तकहरू अनुसन्धानमूलक छन् । केही पाठ्यपुस्तक तथा हाते किताब (वा निर्देशिका) को रूपमा आएका छन् भने केही मिडियाका सन्दर्भ सामग्रीका रूपमा । प्रकाशितमध्ये सबैभन्दा बढी मिडियाका पाठ्यपुस्तक वा हाते किताब (म्यानुअल) छन् । सन् २००३ र २००४ मा प्रकाशित यस्ता पुस्तकको सङ्ख्या २३ छ । माध्यमिक तथा उच्च माध्यमिक विद्यालय, स्नातकोत्तर तह र विभिन्न तालिम इन्स्टिच्यूटका पाठ्यक्रमलाई हेरेर यिनको प्रकाशन भएको देखिन्छ । नेपाली मिडियाका विद्यार्थी, प्रशिक्षार्थी पत्रकार तथा प्रशिक्षक समेतका लागि पाठ्यपुस्तक वा हाते किताबका रूपमा यस्ता पुस्तक आएका छन् । विद्यालय, विश्वविद्यालय वा तालिम इन्स्टिच्यूटहरूको पाठ्यक्रममा तोकिएका विषयवस्तु समेट्नु नै यस वर्गमा पर्ने

पुस्तकको मुख्य विशेषता हो । पत्रकारिताका नयाँ नयाँ सैद्धान्तिक एवं व्यावहारिक ज्ञान प्रदान गर्ने यी पुस्तकले छापादेखि टेलिभिजनसम्म र वातावरणदेखि द्वन्द्वका बेला कसरी पत्रकारिता गर्ने भन्नेसम्मका कुरा सिकाउँछन् । *आमसञ्चारको परिचय* (खनाल २०६१), *पत्रकारिताः सिद्धान्त र व्यवहार* (घिमिरे २०६०), *बाल भित्तेपत्रिका तालिम निर्देशिका* (गौतम २०६०), *रेडियोकर्मीः अवधारणा र अभ्यास* (खरेल र देउजा २०६०), *रेडियो कार्यक्रम* (पौडयाल २०६०), *रेडियो पद्धति* (मैनाली २०६०), *शान्तिका लागि पत्रकारिता* (गुरुङ २०६१), *सञ्चार जगत* (खनाल २०५९) आदिलाई मिडियाका पाठ्यपुस्तक वा हाते किताबका उदाहरणका रूपमा लिन सकिन्छ ।

प्रायः यस्ता पाठ्यपुस्तकको प्रकाशनमा निजी क्षेत्रका प्रकाशकहरूको बढी चासो रहने गर्छ । बजारमा कस्तो विषयको पुस्तकका पाठक बढी छन् त्यसतर्फ उनीहरू बढी सचेत हुन्छन् किनकि बढी विक्रीमार्फत नाफालाई अधिकतम् बनाउनु नै उनीहरूको मुख्य लक्ष्य हुन्छ । सन् २००४ तथा त्यसपछिको समयमा काठमाडौँ र बाहिर एफएम रेडियोको सङ्ख्या निकै बढ्दै गएको छ । कार्यक्रम सञ्चालक तथा उद्घोषकको माग बढ्दै गएको छ, त्यसतर्फ मानिसहरूको रुचि बढेको छ । फलस्वरूप उद्घोषण कलासम्बन्धी पाठ्यपुस्तक निकाल्ने लहर चल्न थालेको छ । अधिकारी (२०६१क), कोइराला (२०६३), सुनुवार (२०६१), पन्त (२०६१), खनाल (२०६२) तथा पाण्डेय र गैरे (२०६१) यसका केही उदाहरण हुन् । यी पुस्तकहरूमा माइक्रोफोनको अगाडि प्रस्तुत हुनेदेखि विभिन्न प्रकारका कार्यक्रम सञ्चालन गर्नेसम्मको तरिका सिकाइएको पाइन्छ ।

पाठ्यपुस्तकपछि दोस्रो क्रममा अनुसन्धानमूलक पुस्तक पर्न आउँछन् । सन् २००३ र २००४ मा प्रकाशित नेपाली मिडियाका अनुसन्धानमूलक पुस्तकको सङ्ख्या १९ रहेको छ । नेपाली मिडियाका विविध पाटाबारे खोजी वा अध्ययन गरी व्याख्या र विश्लेषणसहित तयार पारिएका यस्ता पुस्तकहरूको महत्त्व कम छैन । यसअन्तर्गत विभिन्न व्यक्ति वा सङ्घसंस्थाबाट अनुसन्धान गरी प्रकाशित पुस्तक (जस्तैः अस्मिता २०६०, प्रधान २०६१, वन्त र अरू २०६१, एमएसआई २०६०, काफ्ले सन् २००३) देखि प्रेस काउन्सिल नेपालका वार्षिक प्रतिवेदनहरू (जस्तैः प्रेस काउन्सिल नेपाल २०६०, २०६१) समेत राखिएको छ । प्रेस काउन्सिलले नेपालबाट वर्षभरि प्रकाशित पत्रपत्रिकाको अनुगमन गरी नेपाली पत्रपत्रिका प्रकाशनको स्थिति तथा पत्रकार आचारसंहिता उल्लङ्घनबारे जानकारी दिने गरेको छ । मानवअधिकार तथा प्रजातान्त्रिक अध्ययन केन्द्र (सेहुर्डेस) ले सन् २००० देखि हरेक वर्ष नेपालमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको स्थितिबारे (जस्तैः

घिमिरे सन् २००३) र हातेमालो सञ्चारले छापा माध्यममा बालबालिकाको सवालबारे (जस्तैः श्रेष्ठ सन् २००३) जानकारी दिन वार्षिक अनुसन्धानमूलक प्रतिवेदन प्रकाशन गर्दै आएका छन् ।[3] यस्ता खालका प्रतिवेदनलाई पनि अनुसन्धानमूलक पुस्तकको वर्गमा समावेश गरिएको छ । आफ्नो संस्थाको गतिविधिमात्र समेट्ने खालका प्रतिवेदनहरूलाई भने यो अध्यायमा राखिएको छैन । त्यस्तै, विश्वविद्यालयमा आफूले प्रस्तुत गरेको शोधपत्रलाई नै पछि पुस्तकको रूपमा प्रकाशन गर्ने गरिएको पनि देखिन्छ । *राइट टु इन्फरमेशनः फिलोसफी, ल एण्ड प्राक्टिस* (तिमल्सिना सन् २००३) त्यस्तै पुस्तक हो । *चेलिवेटी बेचबिखनविरुद्ध छापा माध्यमको सक्रियता* (पन्त २०६०), *नेपाली महिलाहरूमा टेलिभिजनको प्रभाव* (अस्मिता २०५९), *मिडिया उत्पादन र अन्तर्वस्तु* (पराजुली र वन्त २०६०), *मिडियाको चिरफारः केही सामाजिक सन्दर्भ* (वन्त र पराजुली २०६०), *सङ्कटकालमा नेपाली प्रेस* (विष्ट २०६०), *नेपाली प्रेस अण्डर इमर्जेन्सी* (भट्टराई सन् २००४), *आन्तरिक द्वन्द्वमा मिडिया राजनीति* (कँडेल २०६१), *सुदूरपश्चिममा पत्रकारिता* (ओझा २०६०), *चिल्ड्रेन इन आर्मड् कन्फ्लिक्ट इन नेपलिज् प्रिन्ट मिडिया* (इरिकोन सन् २००३) सन् २००३ र २००४ भित्रमा प्रकाशित अनुसन्धानमूलक पुस्तकका उदाहरण हुन् ।

यी दुई वर्षमा प्रकाशित ६० मध्ये १८ ओटा पुस्तकहरू सन्दर्भ सामग्रीका रूपमा आएका छन् । तसर्थ सङ्ख्याका हिसाबले यस्ता पुस्तकहरू तेस्रो क्रममा परेका छन् । खास गरी सञ्चारकर्मीहरूको अनुभव वा ज्ञानमा आधारित विचारमूलक लेख वा विविध जानकारी समेट्ने खालका पुस्तकहरू यस खण्डमा राखिएका छन् । साथै नेपाली मिडियासम्बन्धी पूर्वप्रकाशित सामग्रीहरूलाई समेटेर प्रकाशन गरिएका तथा कुनै गोष्ठी वा सेमिनारमा प्रस्तुत नेपाली मिडियासम्बन्धी कार्यपत्रहरूलाई सङ्कलन र सम्पादन गरी प्रकाशन गरिएका पुस्तक पनि नेपाली मिडियाका सन्दर्भ सामग्री हुन् । यस्ता सन्दर्भ सामग्रीले नेपाली मिडियाका विविध पाटाबारे थप र गहन अध्ययन-अनुसन्धानका लागि आवश्यक प्रारम्भिक जानकारीहरू प्रदान गरी अनुसन्धाताका लागि श्रम र समयको बचत गरिदिन्छन् ।

---

[3] सेहुर्डेसले सन् २००६ देखि प्रेस स्वतन्त्रतासम्बन्धी वार्षिक प्रतिवेदन निकालेको छैन । सेहुर्डेसमा प्रमुख जिम्मेवारी सम्हाल्दै आएका शोभाकर बुढाथोकी, भगिरथ योगी तथा प्रदिप घिमिरे संस्था छाडेर अन्यत्र लागेपछि यो वार्षिक प्रतिवेदन प्रकाशनको काम पनि प्रभावित हुन पुगेको देखिन्छ । पत्रकार तारानाथ दाहालले नेतृत्व गरेको फ्रिडम फोरम नेपाल नामक गैर सरकारी संस्थाले सेहुर्डेसले निकाल्दै आएकै ढाँचामा २०६२ साल (सन् २००५ को मध्यदेखि सन् २००६ को मध्यसम्म) को प्रेस स्वतन्त्रतासम्बन्धी वार्षिक प्रतिवेदन (काफ्ले र घिमिरे सन् २००६) प्रकाशन गरेको छ ।

उदाहरणका लागि नेपालमा सञ्चालित सामुदायिक रेडियोहरूबारे आधारभूत जानकारी लिन *नेपालका सामुदायिक रेडियो इतिवृत्तान्त* (लुइँटेल र आचार्य २०६१) हेरे पुग्छ। त्यस्तै नेपाली मिडियाबारे २०४६ देखि २०६० सालसम्म प्रकाशित अधिकांश सामग्रीहरूको सन्दर्भ सूचीका लागि *नेपाली मिडिया सन्दर्भ ग्रन्थ* (पराजुली र अरू २०६०) प्रकाशित छ। *आम सञ्चारमा द्वन्द्व र आतङ्कवाद* (चालिसे २०६०), *मिडिया, डेमोक्रेसी एन्ड ह्युमन राइट्स* (साफर सन् २००४), *प्रकाशनको दिग्दर्शन* (विरही २०६०), *सम्पादकको कलम* (पराजुली २०६०), *सिर्जनशील पत्रकारहरू* (पराजुली २०६१), *सामुदायिक प्रसारण: प्रस्तावित कानुन तथा सर्वोच्च अदालतको फैसला* (मैनाली २०५९) आदि नेपाली मिडियाका सन्दर्भ सामग्री हुन्।

मिडियाइतर विषयवस्तु समेटे पनि नेपाली मिडियाकै अध्ययन-अनुसन्धानका लागि सन्दर्भ सामग्रीका रूपमा लिन मिल्ने पुस्तकको सङ्ख्या पनि उल्लेख्य देखिन्छ। यस अध्यायको तथ्याङ्कमा यस्ता किसिमका पुस्तकलाई समेटिएको त छैन तर मिडिया सन्दर्भ सामग्रीको कुरा गर्दा यिनको पनि प्रसङ्ग थप्नु सान्दर्भिक देखिन्छ। यसमा पनि एकथरी पुस्तक कुनै खास विषय वा सन्दर्भमा विभिन्न समयमा मिडियामा प्रकाशित/प्रसारित सामग्रीहरूको सँगालोका रूपमा देखा परेका छन्। *अखबारमा गैरकाष्ठ वन पैदावार* (एन्साब २०६०), *छापामा जातीय मुक्ति आन्दोलन* (काउछामगर २०६०), *छापामा धीरज राई* (राई २०६०), *डियर कल्याण: मेरो कथा मेरो गीत* (गौतम २०५९), *मनको चौतारी* (श्रेष्ठ २०६०), *आवाजहीनहरूको आवाज* (नेपाल सन् २००४) आदि यसअन्तर्गत पर्ने पुस्तक हुन्। छापामा प्रकाशित भइसकेका सामग्रीलाई पुनर्मुद्रण गरी सँगालोको रूपमा प्रकाशन गर्ने चलन त त्यति नौलो होइन तर रेडियो वा टिभीमा प्रसारित सामग्री पनि पुस्तका रूपमा आउन थालेका छन्। *डियर कल्याण: मेरो कथा मेरो गीत* र *मनको चौतारी* रेडियोमा प्रसारित कार्यक्रमका सामग्रीलाई छनोट र सम्पादन गरी प्रकाशन गरिएको हो भने *आवाजहीनहरूको आवाज* नेपाल टेलिभिजनमा प्रसारण हुने पत्रकार किशोर नेपालद्वारा सञ्चालित कार्यक्रम *मत अभिमत*का सामग्रीहरू छनोट र सम्पादन गरी प्रकाशित पुस्तक हो। नेपालले सञ्चालन गरेको सोही कार्यक्रमको सामग्रीमा आधारित अन्य दुई पुस्तक *शक्तिको अवतरण* (नेपाल २०६२) तथा *अन्डर द स्याडो अफ भायोलेन्स* (नेपाल सन् २००५) पनि प्रकाशनमा आइसकेका छन्।

अर्काथरी पुस्तकहरू मिडियाको विकासमा काम गर्दै आएका संस्थाहरू (खोज पत्रकारिता केन्द्र, नेपाल प्रेस इन्स्टिच्यूट, सञ्चारिका समूह आदि) द्वारा

विभिन्न विशेषज्ञ तथा पत्रकारहरूमार्फत तयार पारिएका सामग्रीका सँगालोका रूपमा प्रकाशित छन् । ती या त सञ्चार अभियानका क्रममा तयार भएका छन् या पत्रकारहरूलाई फेलोसिप प्रदान गरी फिचर लेखनको प्रशिक्षण दिने क्रममा तयार गरिएका छन् । *महिलाका लागि वैदेशिक रोजगार: चुनौती र अवसरहरू* (बस्नेत २०६०), *अव्यवस्था र अनियमितता* (थापा र मैनाली सन् २००३), *बन्दुकको बोझ* (दाहाल र मैनाली २०६१) आदि यसअन्तर्गत पर्ने पुस्तक हुन् । यिनका पनि विषयवस्तु मिडियाभन्दा बाहेकका भएकाले यस लेखको तथ्याङ्कमा परेका छैनन् ।

मिडियाका पुस्तकलाई तिनमा समेटिएको विषयवस्तुका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ । आमसञ्चारका कुन कुन क्षेत्रलाई लक्षित गरी के कति पुस्तक निस्किएका छन् भन्ने एउटा आधार हुन सक्छ । यसरी हेर्दा माथि भनिएका तीनै वर्गमा पर्ने धेरैजसो पुस्तकहरू छापातर्फ नै केन्द्रित छन् । अधिकांश पुस्तकले नेपाली मिडियाका दुवै क्षेत्र (छापा र विद्युतीय सञ्चारमाध्यम) समेट्न खोजेका भए पनि विद्युतीय सञ्चारमाध्यमले ती पुस्तकमा न्यून स्थान पाएका छन् । अर्थात् तिनमा भएका उदाहरण र विश्लेषणहरू छापामा केन्द्रित छन् । तथ्याङ्कको आधारमा भन्ने हो भने प्रसारण क्षेत्रसँग मात्र सम्बन्धित पुस्तकहरूको सङ्ख्या १४ मात्र छ । प्रसारणअन्तर्गत रेडियो र टेलिभिजन पर्दछन् । तर १४ मध्ये एउटा पुस्तक (अस्मिता २०५९) मात्र टेलिभिजनमा केन्द्रित छ ।

खास गरी उपलब्धता र व्यापकताका हिसाबले छापा माध्यमको अध्ययन-अनुसन्धान गर्न जति सहज छ त्यति सहजता रेडियो तथा टेलिभिजनमा हुँदैन । किनकि छापाका विषयवस्तु लामो समयसम्म सङ्ग्रह गर्न सकिने हुन्छन् र यो नेपालको धेरै स्थानमा फैलिएको पनि छ । त्यस्तै नेपालमा छापा माध्यमको इतिहास विद्युतीय सञ्चार माध्यमको भन्दा धेरै पुरानो छ, जसले गर्दा नेपालीहरूमा यसबारेको अनुभव र पूर्व प्रकाशित वा अप्रकाशित लेख्य सामग्री पनि विद्युतीय सञ्चारमाध्यमको तुलनामा धेरै छ । यी कारणहरूले गर्दा शोधकर्ता वा अनुसन्धाताहरूका लागि अझैसम्म छापा माध्यम नै प्रमुख आकर्षणको विषय भएको छ ।

विषयवस्तुलाई अर्को कोणबाट हेर्ने हो भने मिडियाका पुस्तकमा द्वन्द्व वा शान्तिले उल्लेख्य स्थान ओगटेको पाइन्छ । नेपाली समाजमा विगत केही वर्षदेखि प्रमुख चासोका रूपमा देखा परेको यो सवालले मिडियामा स्थान पाउनु अनौठो त होइन तर सन् २००३ र २००४ गरी दुई वर्षमा छापिएका ६० पुस्तकमध्ये दसओटामा द्वन्द्वलाई नै सम्पूर्ण विषयवस्तु बनाइनु उल्लेखनीय पक्ष

हो । यस्ता पुस्तक पनि तीन किसिमका छन् । एकथरी पुस्तकमा द्वन्द्वको अवस्थामा पत्रकार वा पत्रकारिता क्षेत्रले भोग्नु परेका कठिनाइहरूबारे विश्लेषण गरिएको छ । विष्ट (२०६०) र काफ्ले (सन् २००३) यसअन्तर्गत पर्ने पुस्तक हुन् । दोस्रो खालका पुस्तकहरू द्वन्द्व पत्रकारितालाई नयाँ विधाको रूपमा चिनाउँदै पत्रकारहरूलाई द्वन्द्वको अवस्थामा पत्रकारिता गर्न सिकाउने उद्देश्यले तयार पारिएका देखिन्छन् । यसअन्तर्गत वाग्ले (२०६१), गुरुङ (२०६१), मूर्ति (सन् २००४) र हवार्ड (२०६१) लाई राख्न सकिन्छ । तेस्रो प्रकृतिका पुस्तकहरूमा द्वन्द्वले समाजका विभिन्न वर्ग वा समुदायमा पारेको प्रभाव वा द्वन्द्वको अवस्थालाई मिडियाले कसरी समेटेका छन् भनी गरिएका मिडिया विश्लेषणहरू समेटिएका छन् । कँडेल (२०६१), चालिसे (२०६०), भट्टराई (सन् २००४) र इरिकोन (सन् २००३) लाई यसअन्तर्गत राख्न सकिन्छ ।

द्वन्द्व जस्तै एउटै विषयमा केन्द्रित गरी पुस्तक प्रकाशित गरिएका अरू दुई विषयहरू महिला र बालबालिका हुन् । यस्ता पुस्तकमध्ये एकथरीमा महिला वा बालबालिकाका सवालमा मिडियाले के लेखेका वा बोलेका छन् भन्ने विश्लेषण गरिएको हुन्छ । उदाहरणस्वरूप पन्त (२०६०), इरिकोन (सन् २००३), राहत (सन् २००४) र श्रेष्ठ (सन् २००३) लाई लिन सकिन्छ । अर्काथरी पुस्तकहरू ती वर्गले मिडियाको उपभोग कसरी गरिरहेका छन् र त्यसको उपभोगबाट उनीहरूमा कस्तो प्रभाव परेको छ भन्ने विश्लेषणमा आधारित छन् । अस्मिता (२०५९, २०६०) यसका उदाहरण हुन् । यी बाहेक बालबालिकालाई भित्ते पत्रिका प्रकाशनसम्बन्धी तालिम दिन सघाउने निर्देशिका (गौतम २०६०) पनि यो अवधिमा प्रकाशित छ ।

२०६१ माघ १९ पछिको राजाको प्रत्यक्ष शासनकालमा नेपालमा प्रेस स्वतन्त्रता निकै हदसम्म कुण्ठित हुन पुग्यो । २०६३ सालमा लोकतन्त्र बहाली भएपछि राजाको प्रत्यक्ष शासन कालमा प्रेसमाथि भएको दमन र हस्तक्षेपबारे अनुसन्धान गर्ने चासो नेपाली समाजमा बढेर गयो । यसै सिलसिलामा हिमाल एसोसिएसन अन्तर्गत रहेको खोज पत्रकारिता केन्द्रले २०६१ माघ १९ पछिको स्थितिमा छापा र स्वतन्त्र रेडियोहरूले कस्तो स्थिति व्यहोर्नु पर्‍यो र तिनले आफूलाई त्यस्तो घडीमा कसरी प्रस्तुत गरे भन्नेबारे अध्ययन गरेको थियो । खास गरी २०६१ माघ १९ देखि २०६२ वैशाख १६ गतेसम्म लगाइएको सङ्कटकालको अवधिलाई लिएर यो अध्ययन गरिएको थियो । अध्ययनको उपजस्वरूप हिमाल एसोसिएसनले अङ्ग्रेजी र नेपाली भाषामा गरी दुई पुस्तक (पौडयाल र मैनाली सन् २००७क, सन् २००७) प्रकाशन गरेको छ । त्यस्तै, नेपाल पत्रकार महासङ्घले पनि राजाको प्रत्यक्ष शासनकालको एकवर्ष (२०६१ माघ १९ देखि २०६२ माघ

१९) को अवधिमा नेपाली प्रेसले भोग्नु परेका कठिनाइबारे अध्ययन गरी पुस्तक प्रकाशन गरेको थियो। महासङ्घले पनि सो अध्ययनलाई नेपाली र अङ्ग्रेजी भाषामा गरी दुई पुस्तक (गाउँले २०६३, चापागाईं सन् २००६) प्रकाशन गरेको छ। राजाको सोही शासनकालभरि स्वतन्त्र रेडियोहरूले भोग्नु परेका सङ्कट, त्यसको विरोधमा भएका आन्दोलन र उपलब्धिलाई समेटेर विनोद ढुङ्गेलले पनि अध्ययन गरेका थिए। उक्त अध्ययनमा आधारित पुस्तक (ढुङ्गेल २०६४) लाई मार्टिन चौतारीले प्रकाशन गरेको छ।[४]

त्यस्तै नेपाल कम्युनिस्ट पार्टी (माओवादी) २०६३ सालमा लोकतन्त्र बहालीपश्चात खुल्ला राजनीतिमा आएपछि भूमिगत रूपमा गरिएको पत्रकारिताको अभ्यासलाई समेट्दै पुस्तक निस्कने क्रम सुरु भएको छ। साथै अर्कातिर द्वन्द्वकाबीचमा पत्रकारिता गर्दाका तिता मीठा अनुभवहरू समेटेर पुस्तक प्रकाशन गर्ने गरिएको पनि पाइन्छ। माओवादीको मुखपत्र *जनादेश*सँग सम्बद्ध पत्रकारहरू ओम शर्मा र मनऋषि धितालले युद्धका बेला कसरी रिपोर्टिङ गरियो, र कसरी गर्नुपर्छ भन्ने प्रसङ्ग समेट्दै *युद्ध र पत्रकारिता* (शर्मा र धिताल २०६३) लेखेका छन्। खिलबहादुर भण्डारीले द्वन्द्व संवाददाताका रूपमा आफूले सँगालेका अनुभव र अनुभूति समेटेर पुस्तक (भण्डारी २०६३) लेखेका छन्। त्यस्तै मिडिया सर्भिसेज इन्टरनेसनलले सशस्त्र द्वन्द्वका बारेमा रिपोर्टिङ गरिरहेका ३४ जना पत्रकारले भोगेका अनुभवहरूको सँगालो (विष्ट र कसजू २०६२) प्रकाशित गरेको छ। नेपाल पत्रकार महासङ्घले सशस्त्र द्वन्द्वका क्रममा राज्य र विद्रोही पक्षबाट मारिएका १५ जना पत्रकारहरूको विवरण, मारिँदाको अवस्था र परिवारको पीडालाई समेटेर अर्को पुस्तक (घिमिरे र दाहाल २०६४) प्रकाशनमा ल्याएको छ। यी सबै पुस्तकहरूलाई युद्ध कालमा गरिने पत्रकारिताको अभ्यास र प्रक्रियाबारेका सन्दर्भ सामग्रीका रूपमा लिन सकिन्छ।

## प्रकाशक थरीथरीका

नेपाली मिडियाका पुस्तकको प्रकाशनमा निजी, सरकारी र गैरसरकारी संस्थाजस्ता विभिन्न पक्षको संलग्नता छ। निजी क्षेत्रका प्रकाशकहरूमा नामको लागि

---

[४] यस्ता पुस्तकबाहेक राजाको शासनकाल र मिडियाको सङ्कटलाई जोडेर अन्य साना तिना अध्ययनहरू पनि भएका छन्, जुन अध्ययनहरू पुस्तक वा जर्नलको लेखको रूपमा प्रकाशित छन्। तीमध्ये अर्याल (२०६३), कौशल (२०६४), ढुङ्गेल (२०६२), भट्टराई (सन् २००५, सन् २००६), मैनाली (सन् २००६) तथा मैनाली (२०६३) केही उदाहरण हुन्।

प्रकाशन गर्ने व्यक्तिदेखि दामको लागि संस्थागत रूपले लागिपरेका व्यावसायिक प्रकाशनगृहहरू पर्दछन् । सन् २००३ र २००४ मा प्रकाशित ६० मध्ये एक चौथाई अर्थात् १५ ओटा पुस्तकहरू निजी क्षेत्रबाट प्रकाशित छन् । कुनै व्यक्तिले पुस्तक लेखिसकेपछि आफ्नै वा आफ्नो नजिकका व्यक्तिको नाममा प्रकाशन गर्ने गरेको पनि पाइन्छ । दुई पुस्तकहरू सुनुवार (२०६१) तथा तिमल्सिना (सन् २००३) व्यक्तिकै नाममा प्रकाशन भएका छन् । त्यस्तै पुस्तक विक्रेता वा वितरकहरू, जो व्यावसायिक प्रकाशकका रूपमा स्थापित भइसकेका छैनन्, ती पनि नेपाली मिडियाका पुस्तक प्रकाशन गर्न अगाडि आएका छन् । प्रशान्ति पुस्तक भण्डार (अधिकारी २०६१क) र जे.के.जी. बुक्स एण्ड स्टेशनरी (कोइराला २०६०) लाई यसअन्तर्गत लिन सकिन्छ । त्यतिमात्र होइन नेपाली मिडियाका पुस्तक प्रकाशन गर्नेमा निजी क्षेत्रमा उद्घोषण प्रशिक्षण दिन खुलेका संस्था (पन्त २०६१) देखि पत्रपत्रिकाका प्रकाशक (देवकोटा २०६१, पराजुली २०६१) पनि छन् ।

व्यावसायिक प्रकाशकका रूपमा स्थापित भइसकेका वा हुन लागेकामध्ये विद्यार्थी पुस्तक भण्डार (खनाल २०६०, २०६१), पैरवी प्रकाशन (कँडेल २०६१, घिमिरे २०६०), जगदम्बा प्रकाशन (दीक्षित २०६१), भृकुटी एकेडेमिक पब्लिकेसन्स् (चालिसे २०६०), सुनकोशी प्रकाशन प्रा.लि. (अधिकारी २०६०) र एसिया पब्लिकेसन्स् (पाण्डेय र गैरे २०६१) ले मात्र सन् २००३ र २००४ मा नेपाली मिडियासम्बन्धी पुस्तक प्रकाशन गरे । यीमध्ये विद्यार्थी पुस्तक भण्डार र पैरवी प्रकाशनले दुई-दुईओटा पुस्तक प्रकाशन गरेका छन् भने अरूले एक-एकओटा । काठमाडौँका अन्य नाम चलेका व्यावसायिक प्रकाशन गृहहरूः एकता बुक्स, रत्न पुस्तक भण्डार, बुद्ध एकेडेमिक पब्लिकेसन्स्, मण्डला बुक प्वाइण्ट आदिले यस अवधिमा मिडियासम्बन्धी एउटा पनि पुस्तक प्रकाशन गरेनन् । मिडियाइतरका पाठ्यपुस्तक वा साहित्यिक प्रकाशनबाट तुलनात्मकरूपमा बढी लाभ हुने कारण ती प्रकाशकको ध्यान यता नपुगेको हुन सक्छ । सन् २००४ पछाडिको अवस्थालाई हेर्दा मिडियाको पुस्तक प्रकाशन गर्ने निजी प्रकाशकको सङ्ख्या बढ्दै गएको देखिन्छ । यो अवधिमा प्रकाशित मिडियाका कुल पुस्तकमध्ये एक तिहाई पुस्तक निजी प्रकाशकहरूद्वारा प्रकाशित छन् । पछिल्लो समयमा मिडियाका पुस्तक प्रकाशन गर्ने प्रमुख निजी प्रकाशकहरूमा पहिले झैँ पैरवी प्रकाशन, विद्यार्थी पुस्तक भण्डारका अतिरिक्त प्रशान्ति पुस्तक भण्डार पनि देखा परेको छ ।

मिडियाका पुस्तक प्रकाशनमा सबभन्दा टीठलाग्दो उपस्थिति सरकारी सङ्घसंस्था वा प्रकाशकको छ । सरकारी निकायबाट यस अवधिमा जम्मा पाँचओटा पुस्तक मात्र प्रकाशित छन् । त्यसमा सूचना तथा सञ्चार मन्त्रालयले प्रकाशन गरेको

*सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति २०५९* (श्री ५ को सरकार २०५९) बाहेक प्रेस काउन्सिल नेपालबाट प्रकाशित चारओटा पुस्तक छन् जसमध्ये दुईओटा त उसका नियमित प्रतिवेदन नै हुन् । अरू विषयमा थुप्रै पुस्तक प्रकाशन गरेर नाम कमाएका नेपाल प्रज्ञा प्रतिष्ठान (तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान) तथा साझा प्रकाशनले यो अवधिमा नेपाली मिडियाका कुनै पुस्तक प्रकाशन गरेनन् । सन् २००४ पछाडिको स्थिति पनि यस्तै देखिएको छ । यस अवधिमा पनि मिडियासम्बन्धी पाँचओटै पुस्तक सरकारी निकायबाट प्रकाशन भएको छ । तीमध्ये प्रेस काउन्सिल नेपालबाट दुईओटा वार्षिक प्रतिवेदनसमेत चारओटा पुस्तक छापिएका छन् । साथै, नेपाली मिडियालाई सुधार गर्नका लागि आवश्यक सुझाव दिन गठित उच्चस्तरीय मिडिया सुझाव आयोगले आफ्नो प्रतिवेदन (अधिकारी २०६३) पुस्तकका रूपमा प्रकाशन गरेको छ ।

नेपाली मिडियाका पुस्तक प्रकाशनमा गैरसरकारी संस्था (एनजिओ) को बाहुल्य देखिन्छ । दुई वर्षमा प्रकाशित कुल ६० मध्ये दुई तिहाई अर्थात् ४० ओटा पुस्तकहरू गैरसरकारी सङ्घसंस्थाद्वारा नै प्रकाशित छन् । प्रायः अनुसन्धानमूलक तथा सन्दर्भ सामग्रीको प्रकाशनमा यी संस्थाहरूको संलग्नता देखिन्छ । मिडिया क्षेत्रमा काम गर्दै आएका गैरसरकारी संस्थाहरूमध्ये मार्टिन चौतारी, नेपाल वातावरण पत्रकार समूह, दक्षिण एसिया मानवअधिकार मञ्च (साफर), नेपाल प्रेस इन्स्टिच्यूट र अस्मिता महिला प्रकाशन गृह पुस्तक प्रकाशनको अग्रपंक्तिमा आउँछन् ।

तालिका २ ले विभिन्न प्रकाशक र तिनले २००३ र २००४ मा प्रकाशन गरेका पुस्तकको सङ्ख्याबारे जानकारी गराउँछ । यहाँ दुई वा सोभन्दा धेरै पुस्तक प्रकाशन गरेका प्रकाशकको मात्र नाम उल्लेख छ । एउटा मात्र पुस्तक प्रकाशन गर्ने अन्य शीर्षकअन्तर्गत परेका छन् ।

तालिका २ मा उल्लेख भएअनुसार एकभन्दा बढी पुस्तक प्रकाशन गर्ने १२ मध्ये एउटा सरकारी (प्रेस काउन्सिल नेपाल) र दुईओटा निजी क्षेत्रका (विद्यार्थी पुस्तक भण्डार र पैरवी प्रकाशन) संस्थाहरू छन् । बाँकी सबै गैरसरकारी संस्था हुन् ।

प्रकाशनमा अग्रपंक्तिमा रहेकामध्ये मार्टिन चौतारी विविध विषयमा सामाजिक अनुसन्धानलाई अगाडि बढाउने उद्देश्यले खुलेको संस्था हो । यस भित्रको एउटा समूहले निरन्तर रूपमा मिडियाका विभिन्न पाटाबारे अध्ययन-अनुसन्धान गर्दै आएको छ । यहाँबाट प्रकाशित पुस्तकहरू यस्तै अध्ययन-अनुसन्धानका उपज हुन् । दुई वर्षमा यहाँबाट उत्पादित/प्रकाशित नेपाली मिडियाका सात पुस्तकहरूमध्ये दुईओटा (पराजुली २०६०, पराजुली र अरू २०६०) बाहेक बाँकी अनुसन्धानमूलक पुस्तकको कोटिमा पर्दछन् ।

**तालिका २: प्रकाशकको नाम र पुस्तक सङ्ख्या (सन् २००३-२००४)**

| क्र.सं. | प्रकाशकको नाम | पुस्तक सङ्ख्या |
|---|---|---|
| १. | मार्टिन चौतारी | ७ |
| २. | नेपाल वातावरण पत्रकार समूह (NEFEJ) | ५ |
| ३. | दक्षिण एसिया मानवअधिकार मञ्च (SAFHR) | ५ |
| ४. | प्रेस काउन्सिल नेपाल | ४ |
| ५. | नेपाल प्रेस इन्स्टिच्यूट (NPI) | ३ |
| ६. | अस्मिता महिला प्रकाशन गृह | ३ |
| ७. | हिमाल एसोसिएसन | २ |
| ८. | मानव अधिकार तथा प्रजातान्त्रिक अध्ययन केन्द्र (CEHURDES) | २ |
| ९. | नेपाल पत्रकार महासङ्घ | २ |
| १०. | मिडिया सर्भिसेज इन्टरनेसनल (MSI) | २ |
| ११. | विद्यार्थी पुस्तक भण्डार | २ |
| १२. | पैरवी प्रकाशन | २ |
| १३. | अन्य | २१ |
| | **जम्मा** | **६० ओटा** |

नेपाल वातावरण पत्रकार समूहका सबै पुस्तक रेडियोसँग सम्बन्धित छन् । त्यसमा पनि सबैजसो सामुदायिक रेडियोसँग सम्बन्धित हाते पुस्तक तथा सन्दर्भ सामग्रीका रूपमा आएका छन् । उक्त संस्थाभित्र 'सामुदायिक रेडियो सहयोग केन्द्र' नामक एउटा एकाई छ । यसले नेपालमा सामुदायिक रेडियो प्रसारण तथा विस्तार कार्यमा विभिन्न सहयोग पुऱ्याउँदै आएको छ । त्यसै क्रममा सामुदायिक रेडियोबारे आवश्यक सैद्धान्तिक र व्यावहारिक ज्ञान दिने उद्देश्यले विभिन्न पुस्तक पनि प्रकाशन गर्दै आएको छ ।

दक्षिण एसिया मानव अधिकार मञ्च (साफर) दक्षिण एसियाली क्षेत्रमा मानवअधिकारका सवालबारे वकालत गर्ने संस्था हो । यसको नेपालस्थित मुख्य कार्यालयले समय समयमा यसै विषयमा सभा सम्मेलन वा गोष्ठीहरू पनि सञ्चालन गर्दै आएको पाइन्छ । यो संस्थाले गोष्ठीमा प्रस्तुत भएका कार्यपत्रहरूलाई सङ्कलन र सम्पादन गरी पुस्तक प्रकाशन गर्ने गरेको छ । मानवअधिकारका सवाललाई मिडियासँग जोडेर पनि गोष्ठीहरू भएका छन् । तिनै गोष्ठीमा प्रस्तुत गरिएका कार्यपत्रहरूको सङ्कलन र सम्पादन गरेर मिडियाका सन्दर्भ सामग्रीका रूपमा चार पुस्तक प्रकाशित भएका छन् । एउटा (वाग्ले २०६१) भने पत्रकारसहित मानवअधिकारकर्मीका लागि हाते पुस्तकको रूपमा आएको छ ।

नेपाल प्रेस इन्स्टिच्यूट पत्रकारितासम्बन्धी तालिम प्रदान गर्न खुलेको संस्था हो । यसले प्रायः आधारभूत पत्रकारितासम्बन्धी हाते पुस्तकहरू प्रकाशन गर्दै

आएको छ । विगतमा पनि आम सञ्चारसम्बन्धी थुप्रै पुस्तक प्रकाशन गरिसकेको यस संस्थाले पछिल्लो अवधिमा प्रकाशन गरेका तीनमध्ये दुईओटा पुस्तक रेडियो पत्रकारिताबारे छन् ।

नेपाली मिडियासम्बन्धी पुस्तक प्रकाशनमा यस अवधिमा अग्रपंक्तिमा रहेको अर्को संस्था अस्मिता हो । यसले नेपाली महिला र सञ्चारलाई जोडेर विभिन्न अध्ययन-अनुसन्धान गर्दै आएको छ । अस्मिताबाट यी दुई वर्षमा प्रकाशित तीन पुस्तकहरूमध्ये एउटा (पन्त २०५९) चेलीबेटी बेच बिखनसम्बन्धी छापामाध्यममा प्रकाशित समाचारको विश्लेषणमा आधारित छ । दोस्रो पुस्तक (अस्मिता २०५९) मा नेपाली महिलाहरूको टेलिभिजन हेर्ने प्रवृत्ति र प्रभावबारे विश्लेषण छ । तेस्रो पुस्तक (अस्मिता २०६०) मा भने नेपाली महिलाहरूले समग्र मिडिया (छापा, रेडियो, टेलिभिजन र इन्टरनेट) को प्रयोग वा उपभोग के कति मात्रामा र कसरी गरिरहेका छन् भन्ने कुरालाई समेटिएको छ ।

हिमाल एसोसिएसनको मातहतमा खोज पत्रकारिता केन्द्र रहेको छ । नेपालको पत्रकारिता क्षेत्रमा दक्ष खोज पत्रकारहरू उत्पादन गर्न यसले समय समयमा विभिन्न तालिम तथा अनुसन्धानवृत्तिहरू प्रदान गर्दै आएको छ ।[५] यस्ता तालिम वा फेलोसिप सञ्चालनको क्रममा प्रशिक्षार्थीहरूद्वारा तयार पारिएकामध्ये उत्कृष्ट सामग्रीको सम्पादन गरी केन्द्रले पुस्तकको रूपमा प्रकाशन गर्दै आएको छ । यी दुई वर्षमा पनि त्यस्ता तीनओटा पुस्तक (थापा र मैनाली सन् २००३, सीआईजे सन् २००३ तथा दाहाल र मैनाली २०६१) प्रकाशित छन् । खोज पत्रकारितासम्बन्धी अभ्यासका लागि सन्दर्भ सामग्रीका रूपमा लिन मिल्ने ती पुस्तकका विषयवस्तु भने मिडियाभन्दा बाहिर पर्दछन् । त्यसैले तालिका २ मा ती पुस्तकहरू समावेश गरिएका छैनन् । तालिकामा समाविष्ट हिमाल एसोसिएसनका दुई पुस्तकहरूमध्ये एउटा (गुरुङ २०६१) द्वन्द्वको अवस्थामा पत्रकारिता गर्न सिकाउने हाते पुस्तक हो । अर्को पुस्तक (भट्टराई सन् २००४) भने २०५८ सालमा लगाइएको सङ्कटकालको पहिलो छ महिनामा नेपाली प्रेसमा के कसरी समाचार र विचारहरू सम्प्रेषण भए भन्नेबारेमा अनुसन्धान गरी तयार पारिएको हो । अर्थात् सङ्कटकालीन अवस्थाको घोषणाबाट कतिपय संवैधानिक हकहरू निलम्बित भएको अवस्थामा नेपाली प्रेसले कसरी काम गर्‍यो भन्ने विश्लेषणमा आधारित भई यो पुस्तक तयार पारिएको थियो ।

यो दुई वर्ष (सन् २००३ र २००४) को अवधिमा नेपाली मिडियाका पुस्तक प्रकाशनमा जुन-जुन गैरसरकारी संस्थाहरू सक्रिय देखिए, विगतमा पनि मुख्यतः

---

[५] खोज पत्रकारिता केन्द्रसम्बन्धी विस्तृत जानकारीका लागि हेर्नुहोस् भट्ट (२०६०) ।

यिनै सक्रिय थिए । शेखर पराजुलीद्वारा गरिएको सन् २००१ र २००२ मा प्रकाशित पुस्तकहरूको अध्ययनमा नेपाल प्रेस इन्स्टिच्यूट, मार्टिन चौतारी, नेपाल आमसञ्चार प्रशिक्षक सङ्घ, नेपाल वातावरण पत्रकार समूह, हिमाल एसोसिएसन प्रकाशनको सवालमा अग्रणी संस्था थिए । त्यसबेला नेपाल प्रेस इन्स्टिच्यूट १० ओटा पुस्तक प्रकाशन गरी सबैभन्दा अग्रपंक्तिमा रहेको थियो । नेपाल आमसञ्चार प्रशिक्षक सङ्घले चारओटा पुस्तक प्रकाशन गरेको थियो, जसले सन् २००३ र २००४ मा एउटा पनि पुस्तक प्रकाशन गरेन । सन् २००६ मा आएर मात्र यो संस्थाले एउटा पुस्तक (खरेल सन् २००६) निकालेको देखिन्छ ।

सन् २००४ पछि भने यसअघि प्रकाशनको अग्रपंक्तिमा देखिएका कतिपय गैरसरकारी संस्थाहरू निकै पछाडि परेका देखिन्छन् । सन् २००३ र २००४ गरी दुई वर्षभित्र सातओटा पुस्तक प्रकाशन गरेको मार्टिन चौतारीले त्यसपछिका अढाई वर्षमा चारओटा मात्र पुस्तक प्रकाशन गरेको छ । हुन त यसले यसै अवधिमा *मिडिया अध्ययन* नामक जर्नलका दुई अङ्क पनि प्रकाशन गरेको छ । त्यस्तै नेपाल प्रेस इन्स्टिच्यूटले सन् २००४ पछाडिको अढाई वर्षको अवधिमा दुईओटा स-साना पुस्तिकाहरू मात्र प्रकाशन गरेको पाइन्छ । *मिडिया सहयोगी पुस्तिकाः एचआइभी एड्स रिपोर्टिङका लागि* (नेपाल प्रेस इन्स्टिच्यूट, यूएसएआईडी/नेपाल र पोलिसी प्रोजेक्ट/नेपाल २०६२) तथा *नेपाल सञ्चार निर्देशिका* ((फ्लेचर सन् २००७) मात्र नेपाल प्रेस इन्स्टिच्यूटबाट यो अवधिमा प्रकाशित पुस्तक हुन् । दक्षिण एसिया मानवअधिकार मञ्च (साफर) ले सन् २००४ पछि मिडियासम्बन्धी एउटा पनि पुस्तक प्रकाशन गरेको छैन । अस्मिताले पनि यो अवधिमा अनुसन्धानमूलक एउटै पुस्तक प्रकाशन गरेको देखिएन । यस अवधिमा उसले सञ्चार र उपभोक्ता जागरणसम्बन्धी एउटा पुस्तिका (अस्मिता २०६२क) तथा दुईओटा स्रोत पुस्तकहरू (अस्मिता २०६२ख, क्षेत्री र थापा सन् २००६) मात्र प्रकाशन गर्‍यो । नेपाल पत्रकार महासङ्घ, सञ्चारिका समूह नेपाल भने पछिल्लो अवधिमा पुस्तक प्रकाशनमा अग्रपंक्तिमा देखिएका छन् । नेपाल पत्रकार महासङ्घले राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनकालको अवधिमा प्रेस स्वतन्त्रताको स्थितिबारे अनुसन्धानमूलक पुस्तकहरू प्रकाशन गरेको पाइन्छ । गाउँले (२०६३), तथा चापागाईं (सन् २००६) त्यस्ता पुस्तकका उदाहरण हुन् । सन् २००४ पछिको स्थितिमा जम्मा चारओटा पुस्तक प्रकाशन गरेको सञ्चारिकाले भने सञ्चारकर्मी महिलाको अवस्थाबारेको अनुसन्धानमूलक पुस्तक (राणा र अरू २०६२) तथा सञ्चारमा लैङ्गिक समानता अनुगमन प्रतिवेदन (बस्नेत २०६२) प्रकाशनमा ल्याएको छ ।

पुस्तक प्रकाशनमा आर्थिक सहयोग जुटाइदिने कतिपय दातृसंस्थाहरू पनि सन् २००४ पछाडिको अवस्थामा आफैँ पुस्तक प्रकाशकका रूपमा देखिएका छन् । एमएस नेपाल, युनेस्को, फ्रेडरिक इबर्ट स्टिफटुङले यो अवधिमा क्रमशः दुई र एक-एक पुस्तकहरू प्रकाशन गरेको पाइन्छ ।

यसरी मिडिया क्षेत्रमा कार्य गर्दै आएका सङ्घसंस्थाले आ-आफ्ना संस्थाका उद्देश्य र प्रकृति अनुरूप विभिन्नखाले पुस्तकहरू प्रकाशन गर्दै आएका छन् । यसले नेपाली मिडियाको क्षेत्रमा आवश्यक पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको आपूर्तिमा ठूलै भरथेग पुऱ्याएको छ ।

## सहयोगी हातहरू

नेपाल राष्ट्र नै दातृराष्ट्र र दातृनिकायको सहयोगमा निर्भर रहेका बेला नेपालको मिडिया क्षेत्र यसबाट अछुतो रहने कुरै भएन । खास गरी गैरसरकारी संस्थाहरूले मिडिया अध्ययन/अनुसन्धान र प्रकाशनको लागि विदेशी दातृ निकायहरूमार्फत नै सहयोग प्राप्त गर्ने गरेका छन् । नेपाली मिडिया क्षेत्रबाट उनीहरूले हात झिकिदिने हो भने त्यसको टड्कारो असर पुस्तक प्रकाशनमा पनि पर्ने देखिन्छ ।

तालिका ३ ले दुई वर्षमा प्रकाशित ६० मध्ये झण्डै आधा अर्थात् २७ ओटा पुस्तकहरू विभिन्न दातृ संस्थाको प्रत्यक्ष सहयोगमा प्रकाशित भएको देखाउँछ । यसरी जे जति सहयोग प्राप्त भएको छ त्यो सबै गैरसरकारी संस्थामार्फत नै आएको छ । निजी वा सरकारी क्षेत्रलाई यस निम्ति उनीहरूबाट कुनै सहयोग प्राप्त भएको देखिँदैन ।[६] गैरसरकारी संस्थाबाट मात्र ४० पुस्तकहरू प्रकाशित छन् भन्ने कुरा माथि नै उल्लेख भइसक्यो । यसबाट के देखिन्छ भने गैरसरकारी संस्थाबाट प्रकाशितमध्ये दुई तिहाई पुस्तकहरूमा दाताको सहयोग छ । बाँकी पुस्तक भने आफ्नै आन्तरिक स्रोत परिचालन गरेर प्रकाशित भएका हुन् भन्न सकिन्छ । उदाहरणका लागि मार्टिन चौतारीका कतिपय पुस्तकहरू विभिन्न परियोजना सञ्चालनबाट बचेको वा अघिल्ला पुस्तकको विक्रीबाट प्राप्त रकमको परिचालनबाट उत्पादित वा प्रकाशित छन् । त्यस्तै सञ्चार अध्ययन केन्द्र, नेपालका सदस्यहरूद्वारा स्थापित कोषमा जम्मा भएको रकमको सहायताले एउटा पुस्तक (अधिकारी २०६१ख) प्रकाशन गरिएको बताउँछन् उक्त केन्द्रका कार्यकारी निर्देशक निर्मलमणि अधिकारी ।

---

[६] प्रकाशित पुस्तकमा स्पष्टसँग सहयोगी संस्थाको नाम उल्लेख गरिएको कुरालाई मात्र यस लेखमा आधार मानिएकाले गैर आर्थिक वा अप्रत्यक्षरूपमा प्राप्त सहयोगलाई समेटिएको छैन ।

**तालिका ३: प्रकाशनमा आर्थिक सहयोग गर्ने दातृसंस्था र पुस्तक संख्या (सन् २००३-२००४)**

| क्र.सं. | दातृसंस्थाको नाम | पुस्तक सङ्ख्या |
|---|---|---|
| १. | डेनिस अन्तर्राष्ट्रिय सहयोग नियोग (DANIDA) | ९ |
| २. | कम्युनिकेसन असिस्टेन्स फाउन्डेसन, नेदरल्याण्ड (CAF, The Netherland) | ५ |
| ३. | जर्मन प्राविधिक सहयोग (GTZ) | २ |
| ४. | युनेस्को (UNESCO) | २ |
| ५. | फोरम एसिया बैङ्कक (FORUM- Asia, Bangkok) | २ |
| ६. | इम्प्याक्स (IMPACS), क्यानाडा | २ |
| ७. | इनेबलिङ स्टेट प्रोग्राम (ESP) | १ |
| ८. | युनिसेफ (UNICEF) | १ |
| ९. | संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP) | १ |
| १०. | सेभ द चिल्ड्रेन नर्वे | १ |
| ११. | इइडी (EED), जर्मनी र इको (ECO), नेदरल्याण्ड | १ |
| १२. | जापान फाउण्डेसन एसिया सेन्टर | १ |
| १३. | बुद्ध एयर प्रा.लि. | १ |
| | **जम्मा** | **२७ ओटा*** |

* डेनिस अन्तर्राष्ट्रिय सहयोग नियोगको सहयोगमा प्रकाशित नौओटा पुस्तकमध्ये एउटा (ओझा २०६०) मा जापान फाउण्डेसन एसिया सेन्टर र अर्को एउटा (प्रधान २०६१) मा बुद्ध एयर प्रा.लि.को पनि सहयोग रहेका कारण तालिकामा उल्लिखित जम्मा पुस्तकको सङ्ख्या २९ नभई २७ मात्र भएको हो ।

तालिका ३ बाट नेपाली मिडियाको पुस्तक प्रकाशनमा डेनिस अन्तर्राष्ट्रिय सहयोग नियोग (डानिडा) र कम्युनिकेसन असिस्टेन्स फाउण्डेसन (क्याफ), नेदरल्याण्ड[७] को सहयोग क्रमशः पहिलो र दोस्रो नम्बरमा रहेको प्रस्ट हुन्छ । अन्य सहयोगीहरूमा जर्मन प्राविधिक सहयोग (जीटीजेड); युनेस्को; फोरम एसिया बैङ्कक आदि पर्दछन् । यसअघि पराजुलीको अध्ययनले पनि यिनैलाई प्रमुख दातृ निकायको रूपमा चित्रित गरेको थियो । उक्त विश्लेषणअनुसार सन् २००१ र २००२ मा प्रकाशित ४८ मध्ये डानिडाले मात्र १७ ओटा पुस्तक प्रकाशनमा सहयोग प्रदान गरेको थियो । सो अवधिमा द एसिया फाउण्डेसनले चारओटा तथा जापान फाउण्डेसन एसिया सेन्टरले तीनओटा पुस्तकका लागि सहयोग प्रदान गरेका थिए । यस हिसाबले

---

[७] सन् २००४ देखि नै आफ्नो नाम परिवर्तन गरेर 'फ्री भ्वाइस' राखेको यो दातृ निकायको नेपालमा कुनै कार्यालय छैन ।

जीटीजेड पछिल्लो अवधिमा नयाँ दाताको रूपमा देखा परेको छ। द एसिया फाउण्डेसनको सहयोग भने हिमाल एसोसिएसनलाई अझै जारी छ। उक्त संस्थाको सहयोगबाट प्रकाशित तीनओटा पुस्तकमा मिडियाइतर विषयवस्तु समेटिएका कारण तिनलाई यस अध्यायको तथ्याङ्कमा समेटिएको छैन। तसर्थ तालिका ३ मा द एसिया फाउण्डेसनको नाम पनि नपरेको हो।

सन् २००४ पछाडिको स्थितिमा पनि मिडियाको अनुसन्धान तथा पुस्तक प्रकाशनका लागि आर्थिक सहयोग उपलब्ध गराउने प्रमुख दातृ संस्थाका रूपमा डानिडा, फ्री भ्वाइस तथा इम्प्याक्स जस्ता संस्थाहरू नै रहेका छन्। डानिडाको सहयोग मुख्य रूपमा मार्टिन चौतारी, नेपाल पत्रकार महासङ्घ, हिमाल एसोसिएसनलाई रहेको छ भने फ्री भ्वाइसको सहयोग पहिले-पहिले झैं नेपाल वातावरण पत्रकार समूहले पाएको छ। सञ्चारिका समूह नेपालले इम्प्याक्सको सहयोगमा पुस्तक प्रकाशन गरिरहेको देखिन्छ।

मिडियाका पुस्तक प्रकाशनमा दातृ निकायको सहयोगको मात्राले तिनको यस क्षेत्रप्रतिको चासो र यसप्रतिको दृष्टिकोणलाई देखाउँछ। साथै यस्तो सहयोग मिडिया क्षेत्रमा लागेका गैरसरकारी संस्था र दातृ निकायको दुईपक्षीय सम्बन्धमा पनि उत्तिकै भर पर्दछ। सन् २००३ र २००४ मा पुस्तक प्रकाशनको स्थिति हेर्दा खास खास गैरसरकारी संस्थाहरूका आफ्नै निश्चित दाता रहेका देखिन्छन्। उदाहरणका लागि नेपाल वातावरण पत्रकार समूहबाट यस अवधिमा प्रकाशित सबै पुस्तकमा कम्युनिकेसन असिस्टेन्स फाउण्डेसन, नेदरल्याण्डको सहयोग रहेको छ। त्यस्तै डानिडाको पूर्ण वा आंशिक सहयोगमा मार्टिन चौतारी, नेपाल प्रेस इन्स्टिच्यूट र नेपाल पत्रकार महासङ्घले आफ्ना पुस्तकहरू प्रकाशित गरेका छन्। हिमाल एसोसिएसनलाई जीटीजेड र द एसिया फाउण्डेसनको सहयोग प्राप्त छ। यसो हुनुका पछाडि विभिन्न कारण हुन सक्छन्। जसमध्ये एउटा कारण एउटै सम्झौता दीर्घकालीन अवधिको हुनु पनि हुनसक्छ। कम्युनिकेसन असिस्टेन्स फाउण्डेसन (क्याफ), नेदरल्याण्डले पाँच पुस्तकका लागि गरेको सहयोग यस्तै दीर्घकालीन प्रकृतिको हो। सन् २००२ देखि तीन वर्षका लागि उक्त दातृ संस्था र नेपाल वातावरण पत्रकार समूहबीच सामुदायिक रेडियोको स्थापना र प्रवर्द्धनका लागि पुस्तक प्रकाशनदेखि तालिम, गोष्ठी, सेमिनार, आवश्यक प्राविधिक तथा व्यावसायिक अध्ययन र परामर्श आदि कार्यक्रमहरू सञ्चालनका लागि सहयोग सम्झौता भएको थियो।[८]

---

[८] नेपाल वातावरण पत्रकार समूह, सामुदायिक रेडियो सहयोग केन्द्रका संयोजक रघु मैनालीसँग २०६१ फागुन २४ मा गरिएको कुराकानीमा आधारित।

अर्को कारणमा एक पटक सँगै काम गरेपछि आपसी विश्वासका कारण दातृ निकायले पटक पटक त्यही संस्थामार्फत काम गर्न चाहेको पनि हुन सक्छ। उदाहरणका लागि डेनिस अन्तर्राष्ट्रिय सहयोग नियोग (डानिडा) सँग पटक पटक छुट्टाछुट्टै सहयोग लिएर मार्टिन चौतारीले विभिन्न पुस्तक प्रकाशन गर्दै आएको छ। यस्ता पटके सहयोग सम्झौता कहिले पुस्तकको उत्पादनदेखि प्रकाशनसम्म सम्पूर्ण कार्यका लागि भएका छन् भने कहिले पुस्तकको सम्पादन वा प्रकाशन कार्यका लागि मात्र पनि भएका छन्। उदाहरणका लागि चौतारीबाट प्रकाशित दुई पुस्तकहरू ओझा (२०६०) र प्रधान (२०६१) मध्ये पहिलोमा डानिडाको सहयोग पुस्तक प्रकाशनका लागि र जापान फाउण्डेसन एसिया सेन्टरको सहयोग सम्पादन कार्यका लागि भएको थियो। दोस्रो पुस्तकमा डानिडाले सम्पादन कार्यमा र बुद्ध एयर प्रा.लि. ले पुस्तकको प्रकाशनमा सहयोग पुऱ्याएका थिए।

दातृ निकायबाट प्राप्त थोरै मात्र सहयोग निःसर्त हुन्छन्। अधिकांश सहयोगको पछाडि उनीहरूको आफ्नै किसिमको उद्देश्य तथा इच्छा व्यक्त हुने गरेको पाइन्छ। नेपाल वातावरण पत्रकार समूह, सामुदायिक रेडियो सहयोग केन्द्रका संयोजक रघु मैनाली भने आफ्नो संस्थाले गर्दै आएको कार्यमा दाताको कुनै सर्त नभएको बताउँछन्। मैनालीको कथन छः

> हाम्रो उद्देश्य सामुदायिक रेडियोको विकास र विस्तारमा सहयोग पुऱ्याउनु हो। यसका लागि हामीलाई आवश्यक लागेका क्रियाकलाप गर्न हामी दातासँग सहयोगको प्रस्ताव राख्छौँ र त्यसैमा सहमत भएर दाताहरूले सहयोग दिने गरेका छन्। आफ्ना क्रियाकलापहरूलाई कसरी अगाडि बढाउने भन्ने कुराको निर्णय गर्न हामी पूर्ण स्वतन्त्र छौँ। दाताको कुनै किसिमको सर्त वा दबाब हामीले झेल्नु परेको छैन।[९]

कुनै कुनै सवालमा भने पुस्तकका लेखक वा प्रकाशकका चाहनासमेत दाताका सर्तको चेपमा पर्न पुग्छन्। उदाहरणका लागि अहिले नेपालमा हरेक क्षेत्रलाई द्वन्द्वसँग जोडेर हेर्ने प्रचलन बढ्दै गएको छ। नेपाली मिडियामा पनि द्वन्द्वको विषय र चर्चाले व्यापकता पाएको छ। दातृसंस्थाहरूको अहिलेको प्रमुख चासो पनि द्वन्द्व नै रहेको देखिन्छ। यो अवधिमा नेपाली मिडिया र द्वन्द्वसम्बन्धी विषयलाई लिएर प्रकाशित दसमध्ये सातओटा पुस्तकमा विभिन्न दातृ निकायको

---

[९] नेपाल वातावरण पत्रकार समूह, सामुदायिक रेडियो सहयोग केन्द्रका संयोजक रघु मैनालीसँग २०६१ फागुन २४ मा गरिएको कुराकानीमा आधारित।

सहयोग रहेको छ । आफ्नो इच्छा पत्रकारितासम्बन्धी आफ्ना अनुभवलाई समेटेर पुस्तक लेख्ने रहेको भए पनि दाताले द्वन्द्वसम्बन्धी विषयमा चासो देखाएपछि त्यसैको सेरोफेरोमा रहेर पुस्तक (गुरुङ २०६१) लेखिएको हस्त गुरुङ बताउँछन् ।[10]

चासो वा प्राथमिकता जे जस्तो भए पनि मिडियाको अध्ययन-अनुसन्धानका लागि दातृ निकायहरूले उल्लेख्य मात्रामा सहयोग पुऱ्याउँदै आएका छन् । त्यसले गर्दा गुणस्तरयुक्त तथा अनुसन्धानमूलक पुस्तक प्रकाशन हुन पाएको छ । खास गरी निजी तथा सरकारी क्षेत्रका प्रकाशकहरूले स्तरीय पुस्तक प्रकाशनमा त्यति ध्यान दिएको पाइँदैन । न त उनीहरू अनुसन्धानमूलक पुस्तक प्रकाशनमा नै लागेका पाइन्छन् । सरकारी निकायले स्तरीय पुस्तक प्रकाशनका लागि पर्याप्त बजेट छुट्ट्याउन सकेको हुँदैन भने निजी प्रकाशकहरू नाफामुखी चिन्तनका कारण कम लागत र छिट्टै बजारमा बिक्ने पाठ्यपुस्तकतर्फ आकर्षित छन् । यसले गर्दा मिडियाको क्षेत्रमा अनुसन्धानमूलक पुस्तक प्रकाशनका लागि पूरै जसो दातामा नै निर्भर रहनुपरेको स्थिति छ । पुस्तक प्रकाशनमा दाताको सहयोग लिनु उचित वा अनुचित भन्नेबारे बहस हुन सक्छ तर निःसर्त सहयोग लिएर त्यसको सदुपयोगलाई सबैले प्राथमिकता दिनु चाहिँ अहिलेको आवश्यकता हो । हातेमालो सञ्चारका सौरभकिरण श्रेष्ठ मिडियाका पुस्तक प्रकाशनमा दातृ सहयोग सकारात्मक भएको बताउँदै यसले गर्दा बालबालिका, महिला, दलित तथा जनजातिसम्बन्धी मिडियाका अनुसन्धानमूलक पुस्तकको सङ्ख्यामा वृद्धि भएको बताउँछन् । समग्रमा पुस्तक प्रकाशनमा दातृ संस्थाको सहयोगले गर्दा मिडियाको अनुसन्धान वा पुस्तक प्रकाशनमा विविधता आउन सकेको कुरा श्रेष्ठले मार्टिन चौतारी २०६३ जेठ १० गते आयोजित 'नेपाली मिडियाको पुस्तक प्रकाशन, तिनको गुणस्तर र प्रवर्द्धनका उपाय' विषयक अन्तर्क्रियामा बताएका थिए ।[11]

## व्यक्तिगत संलग्नता र अन्य पक्षहरू

पुस्तक प्रकाशन एक व्यक्तिको पहलले मात्र सम्भव हुँदैन, त्यहाँ धेरै जनाको संलग्नता हुने गर्दछ । तर कुनै पनि पुस्तकमा लेखक वा सम्पादकले नै बढी

---

[10] मार्टिन चौतारीमा २०६१ भदौ ३ मा आयोजित 'शान्तिका लागि पत्रकारिता' विषयक छलफलमा व्यक्त भनाइ ।

[11] मार्टिन चौतारीद्वारा २०६३ जेठ १० मा आयोजित 'नेपाली मिडियाको पुस्तक प्रकाशन, तिनको गुणस्तर र प्रवर्द्धनका उपाय' नामक अन्तर्क्रिया कार्यक्रममा व्यक्त विचार । उक्त अन्तर्क्रियामा उपस्थित सहभागीहरूले व्यक्त गरेका भनाइहरू सहितको प्रतिवेदन *मिडिया अध्ययन १* मा प्रकाशित छ (हेर्नुहोस् हुमागाईं २०६३) ।

अक्कल र परिश्रम खर्चेको हुन्छ । यस हिसाबले पुस्तक प्रकाशनमा लेखक वा सम्पादकको ठूलो भूमिका हुने गर्दछ । यहाँ सम्मिलित ६० ओटा पुस्तकमध्ये कतिपयमा लेखक र सम्पादककै नाम उल्लेख छैन । पुस्तकमा नाम उल्लेख भएको आधारमा मात्र त्यसको लेखन वा सम्पादनमा कसको के कस्तो भूमिका छ भन्न सकिन्छ । त्यस आधारमा यस अवधिमा मुख्य रूपमा पुस्तकको लेखन वा सम्पादनमा संलग्न रहने व्यक्तिको सङ्ख्या ५० रहेको छ ।[१२] यीमध्ये दुई जना मात्र महिला र बाँकी सबै पुरुष छन् । ती महिला पनि दक्षिण एसिया मानवअधिकार मञ्च (साफर) मा कार्यरत भारतीय नागरिकहरू रीता मनचन्दा र लक्ष्मी मूर्ति हुन् । रीता मनचन्दाले साफरबाट प्रकाशित पुस्तक *मिडिया क्रसिङ् बोर्डर्स* (मनचन्दा सन् २००४) को सम्पादन गरेकी छिन् भने लक्ष्मी मूर्तिले त्यहीँबाट प्रकाशित *रिपोर्टिङ कन्फ्लिक्ट* (मूर्ति सन् २००४) को सम्पादन । यसरी हेर्दा नेपाली मिडियाका पुस्तक लेखन र सम्पादनमा नेपाली महिलाको उपस्थिति शून्य देखिन्छ । यहाँनेर उल्लेख गर्नुपर्ने कुरा के हो भने अस्मिताबाट प्रकाशितमध्ये दुई पुस्तक (अस्मिता २०५९, २०६०) मा लेखक/सम्पादकको नाम उल्लेख नभए पनि उक्त दुवै अनुसन्धानका टोलीमा दुईजना महिलाहरू अञ्जु क्षेत्री र मञ्जु थापाले प्रमुख अनुसन्धानकर्ताको भूमिका खेलेका थिए । यसलाई पनि ध्यान दिने हो भने यस क्षेत्रमा महिलाको उपस्थिति शून्य नै छ भनेर बुझ्नु त हुँदैन, यद्यपि निराशाजनक चाहिँ मान्नु पर्दछ । माथि उल्लिखित ५० जनामध्ये अर्को एक विदेशी पुरुष रस हवार्ड पनि पर्छन् । उनले लेखेको पुस्तकलाई नेपालीमा अनुवाद गरी *द्वन्द्व संवेदनशील पत्रकारिता हाते किताब* (हवार्ड २०६१) निकालिएको छ ।

तीनजना विदेशी (रीता मनचन्दा, लक्ष्मी मूर्ति र रस हवार्ड) लाई अलग राखेर जातीय प्रतिनिधित्वको हिसाब गर्ने हो भने पुस्तकका लेखक/सम्पादकमध्ये ४२ जना बाहुन/क्षेत्री र पाँच जना मात्र जनजाति रहेका छन् । दलितको प्रतिनिधित्व भने शून्य देखिन्छ । पाँच जनजातिमध्ये तीन जना नेवार हुन् । यसले नेपाली मिडियाको पुस्तक लेखन र सम्पादनमा बाहुन, क्षेत्री पुरुषको बाहुल्य रहेको प्रस्ट पार्दछ । यो कुरा पत्रकारिता क्षेत्रमा कार्यरत अधिकांश व्यक्तिहरूको जातीय प्रतिनिधित्वसँग गाँसिन आउँछ । अर्थात् पत्रकारितामा लागेका व्यक्तिहरू नै खास गरी मिडियाका पुस्तक लेखन/सम्पादनमा लाग्ने हुन् । २०५७ सालमा मार्टिन चौतारीले गरेको नेपाली मिडियामा जातीय प्रतिनिधित्वसम्बन्धी अध्ययन

[१२] कतिपय व्यक्तिहरू एकभन्दा बढी पुस्तकमा संलग्न रहेका भए पनि तिनलाई एकपटक मात्र गणना गरिएको छ ।

हेर्दा पनि पुस्तक लेखन र सम्पादनमा किन जनजाति, दलित वा महिलाको प्रतिनिधित्व कम छ भन्ने कुराको जवाफ पाइन्छ । उक्त अध्ययनले सर्वेक्षणमा समेटिएका देशभरिका मूल प्रवाहका प्रकाशन गृहहरूमा कार्यरत जम्मा २२५७ जना पत्रकारमध्ये करिब ८० प्रतिशत बाहुन-क्षेत्री रहेको देखाएको थियो (पराजुली र गौतम २०५८: ४०-४१) । जनजाति करिब १५ प्रतिशत थिए भने तीमध्ये आधाभन्दा बढी अर्थात् साढे आठ प्रतिशत नेवार थिए । दलितको प्रतिनिधित्व १.१९ प्रतिशत मात्र थियो । उक्त अध्ययनमा महिला पत्रकारको समग्र स्थिति देखाइएको त छैन, तर अधिकांश प्रकाशन गृहहरूको सम्पादन समूह, प्रकाशकीय समूह र स्तम्भकार समूहमा महिला प्रतिनिधित्व शून्य देखिन्छ । महिला प्रतिनिधित्व भएका प्रकाशन गृहहरूमा पनि उनीहरूको सङ्ख्या औसतमा दस प्रतिशतभन्दा माथि देखिँदैन (पराजुली र गौतम २०५८: २३-४०) ।

पुस्तक प्रकाशन भएको क्षेत्रका आधारमा भन्नुपर्दा नेपाली मिडियाको पुस्तक प्रकाशन काठमाडौँ उपत्यकाकेन्द्रित छ । यस अवधिमा चारओटा पुस्तकमात्र उपत्यका बाहिरबाट प्रकाशित भएका छन् । पुस्तक प्रकाशनका लागि आवश्यक भौतिक सुविधा, सक्रिय संस्था तथा बौद्धिक जमात काठमाडौँमा नै उपलब्ध हुने कारणहरूले गर्दा पुस्तक प्रकाशन काठमाडौँमा केन्द्रित भएको भन्न सकिन्छ । यो स्थितिमा सन् २००४ पछाडि पनि कुनै परिवर्तन आएको देखिँदैन ।

## प्रकाशित सामग्रीको गुणस्तर

नेपाली मिडियाका पुस्तक प्रकाशनको क्रम वर्षेनी बढ्दै गएको देखिए पनि यो क्षेत्र समस्यामुक्त भने छैन । यस क्षेत्रको सबभन्दा ठूलो समस्या भनेको नै गुणस्तरीय पुस्तकको अभाव हुनु हो । धेरैथरी प्रकाशकहरू मिडियाको पुस्तक प्रकाशनमा उत्रिएका भए पनि थोरै मात्र पुस्तकको गुणस्तरप्रति सजग छन् । प्रकाशित पुस्तकहरूमध्ये कमै पर्याप्त सम्पादन र परिमार्जनसहित निकालिएका हुन्छन् । अधिकांश चाहिँ यो प्रक्रियाबाट नगुज्रिई निस्कने गरेका छन् । खास गरी तालिम इन्स्टिच्यूटका प्रशिक्षार्थी तथा कलेजका विद्यार्थीलाई लक्षित गरी अन्धाधुन्ध रूपमा पुस्तक प्रकाशन गर्ने प्रवृत्ति बढ्दै गएको छ । त्यहाँका पाठ्यक्रमसँग मिल्ने शीर्षकहरू राखेर स्वदेशी वा विदेशी भाषामा अन्यत्र प्रकाशित अंशहरू स्रोत उल्लेख नगरी जस्ताको त्यस्तै अनुवाद वा नक्कल गरी पुस्तक बनाएर हतार हतार बजारमा पुऱ्याउने चलन दिनानुदिन झाँगिदै गएको पाइन्छ । गुणस्तरसँग सरोकार नराख्ने यस्ता पुस्तकमा पाठ्यक्रमअनुसार शीर्षक मिले पनि विद्यार्थीले पाउनुपर्ने ज्ञान पाउन सक्दैनन् । रेडियो सगरमाथाका पत्रकार तथा पत्रकारिताको

शिक्षणमा समेत संलग्न घमराज लुइँटेल यस्ता पुस्तकले कतिपय अवस्थामा विद्यार्थीलाई आवश्यक ज्ञान दिनेभन्दा पनि बढी अलमलमा पार्ने गरेको आरोप लगाउँछन् । पाठ्यक्रमका आधारमा कुन तहका विद्यार्थीलाई के कतिसम्मको विषयवस्तु वा सामग्री आवश्यक हो र कुन कुरा कति मात्रामा समावेश गर्ने भन्ने जानकारी स्वयं लेखकलाई नै हुँदैन । त्यसैले त्यस्ता पुस्तकमा विभिन्न इन्टरनेट साइट र विदेशी लेखकका पुस्तकमा भेटे जति सामग्री राखिने गरेको टिप्पणी लुइँटेल तथा पत्रकारिताका अर्का शिक्षक चिरञ्जीवी खनालको छ ।[१३] साथै, पुस्तकै पिच्छे एउटै विषयका फरक फरक नाम, तथ्याङ्क र तिथिमितिका कारण पनि कुन सही हो र कुन गलत भनेर खुट्ट्याउन नसकी पाठक र विद्यार्थीहरूले हैरानी खेप्नु परेको मार्टिन चौतारीद्वारा आयोजित अन्तर्क्रियाका सहभागीहरूले बताएका थिए ।

यो अराजकताका पछाडि धेरै पक्षको कमजोरी रहेको पाइन्छ । सर्वप्रथम त अरूका पुस्तकबाट तिनका अंशहरू 'चोरी' गरी तयार पारिएको पाण्डुलिपि प्रकाशन गर्न प्रकाशकहरू नै तयार नहुनुपर्ने हो । लेखकले जे दिए पनि खुरुखुरु छापिदिने प्रकाशकहरूको प्रवृत्तिका कारण त्यस्ता लेखकले हौसला पाउने गरेका छन् । फाइन प्रिन्ट बुक क्लबका अजित बराल त्यस्ता व्यक्तिलाई सर्वप्रथम प्रकाशकहरूले नै कारबाहीको प्रक्रिया अगाडि बढाउनुपर्ने तर हामीकहाँ त्यस्तो अभ्यास नभएको तर्क राख्छन् । अर्कातिर लेखकले तयार पारेर ल्याएको पाण्डुलिपिको समीक्षा वा मूल्याङ्कन गराउने, आवश्यक मात्रामा सम्पादन गर्ने तथा लेखकद्वारा पुनर्लेखन वा परिमार्जन गराउने जस्ता प्रकाशनका अनिवार्य प्रक्रियालाई प्रकाशकहरूले बेवास्ता गर्दै आएका छन् । बढी लागत लाग्छ भनेर निजी क्षेत्रका प्रकाशकहरू यो प्रक्रियाबाट गुज्रिन डराएको पाइन्छ । मूख्यतः जे भए पनि लेखेर ल्याओस् र त्यसलाई छापेर पैसा कमाउन पाइयोस् भन्ने प्रकाशकीय मनोवृत्ति नै यसमा जिम्मेवार छ । यसका साथै लेखकहरूमा आफूले लेखेको कुरा अरूले सम्पादन गर्नै हुँदैन भन्ने सङ्कुचित मानसिकता रहेका कारण पनि अप्ठेरो हुने गरेको प्रकाशकको गुनासो छ । भृकुटी एकेडेमिक पब्लिकेशन्सका लिखत पाण्डे कतिपय लेखकहरू सम्पादनको कुरा गर्ने वित्तिकै रिसाउने गरेको आफ्नो अनुभव सुनाउँछन् । लेखकहरूले यस्तो मानसिकता त्यागेको खण्डमा बढी लागत बेहोरेर

---

[१३] मार्टिन चौतारीद्वारा २०६३ जेठ १० मा आयोजित 'नेपाली मिडियाको पुस्तक प्रकाशन, तिनको गुणस्तर र प्रवर्द्धनका उपाय' नामक अन्तर्क्रिया कार्यक्रममा व्यक्त विचार ।

पनि राम्ररी सम्पादन वा आवश्यक मात्रामा पुनर्लेखन गराएर पुस्तक निकाल्न आफू तयार रहेको पाण्डे बताउँछन् ।[१४]

उता लेखकहरूको पनि आफ्नै समस्या रहेको छ । पछिल्ला दिनमा मिडियाका पुस्तकको बजार विस्तारै बढ्दै गएको भए पनि त्यो अझै पर्याप्त छैन । फलस्वरूप पुस्तक विक्रीका आधारमा लेखकले पर्याप्त पारिश्रमिक पाउन सक्ने स्थिति बनिसकेको छैन । त्यसमाथि पनि पारिश्रमिक दिने सवालमा लेखकहरू प्रकाशकको निकै पछिल्लो प्राथमिकतामा पर्ने गरेका छन् । मुद्रक र वितरकले मागे जति खर्च गर्न तयार हुने प्रकाशकहरू लेखकलाई पारिश्रमिक दिने कुरामा भने निकै कञ्जुस्याइँ गर्ने गर्दछन् । लेखकलाई सकेसम्म रोयल्टी नै नदिने, दिइहाले पनि अति कम दरमा दिने गरेको पाइन्छ । लेखक तथा सम्पादक केदार शर्मा लेखक र सम्पादकको महत्त्व निजी प्रकाशकले बुझ्न नसकेको बताउँछन् । उनको भनाइ छ, "हाड घोटेर लेख्ने लेखकलाई पारिश्रमिक बिक्री मूल्यको २० प्रतिशत दिइन्छ तर कुनै परिश्रम नै नगरी वितरकले सोही पुस्तकमा २५ प्रतिशत कमिशन लिन्छ ।"[१५] यो स्थितिले पनि स्तरीय सामग्री उत्पादन गर्न सक्ने लेखकहरू मिडियाको पुस्तक लेखनका लागि आकर्षित हुन सकिरहेका छैनन् । हुन पनि नाम चलिसकेका राम्रा लेखकहरू मोटो पारिश्रमिकसहित एनजीओ/आइएनजीओमा काम गर्न पाउने अवसर छाडेर आफ्नो परिश्रमको मूल्य नपाइने पुस्तक लेखनमा किन लागिरहने भन्ने प्रश्नको सहज जवाफ कसैसँग पनि छैन । यसले गर्दा निजी वा सरकारी निकायबाट प्रकाशन हुने पुस्तकको समेत गुणस्तर बढ्न सकेको छैन ।

गैरसरकारी संस्थाबाट प्रकाशित पुस्तकहरू तुलनात्मक रूपमा अलि गुणस्तरीय हुनुको कारण पुनर्लेखन र सम्पादनको प्रक्रियाबाट गुज्रेर आउनु नै हो । प्रायः दातृ संस्थाको सहयोगमा निस्कने त्यस्ता पुस्तकमा अनुसन्धानदेखि सम्पादनसम्म सम्पूर्ण प्रक्रियाका लागि बजेट विनियोजन भएको हुन्छ । लेखक र सम्पादकलाई उचित पारिश्रमिक दिइनुका साथै काम गर्न पनि अलि बढी स्वतन्त्र वातावरण गैरसरकारी संस्थाका प्रकाशनमा हुने गर्दछ भन्ने धारणा केदार शर्माको छ ।

प्रकाशन क्षेत्रको अर्को प्रमुख चुनौती भनेको विभिन्न पक्षबीच प्रभावकारी समन्वय हुन नसक्नु पनि हो । प्रकाशन क्षेत्रका समस्याहरू पहिल्याउने तथा

---

[१४] यो अनुच्छेदमा व्यक्त सबैका भनाइ मार्टिन चौतारीद्वारा २०६३ जेठ १० मा आयोजित 'नेपाली मिडियाको पुस्तक प्रकाशन, तिनको गुणस्तर र प्रवर्द्धनका उपाय' नामक अन्तर्क्रिया कार्यक्रममा आएका हुन् ।

[१५] मार्टिन चौतारीद्वारा २०६३ जेठ १० मा आयोजित 'नेपाली मिडियाको पुस्तक प्रकाशन, तिनको गुणस्तर र प्रवर्द्धनका उपाय' नामक अन्तर्क्रिया कार्यक्रममा व्यक्त विचार ।

तिनको निराकरणका लागि सबै पक्ष बसेर अन्तर्क्रिया गर्ने संस्कृति हामीकहाँ छैन । फाट्टफुट्ट रूपमा त्यस्ता गतिविधि भए पनि त्यो खालि छलफलमा मात्र सीमित हुने गरेको पाइन्छ। देखा परेका कमी कमजोरीहरू सुधार गर्नेतर्फ कतैबाट पनि पहलकदमी हुने गरेको पाइँदैन । सबैलाई पुस्तक प्रकाशन गरेर बजारमा पुऱ्याउने हतारो मात्र हुने गरेको छ। काठमाडौं विश्वविद्यालय, पत्रकारिता विभागका प्रमुख जङ्गब चौहान पुस्तक निकाल्ने हतारो मात्र नगरी त्यसभन्दा अगाडि सम्पादक, लेखक र प्रकाशक आदि बसेर पर्याप्त मात्रामा अन्तर्क्रिया गरिनु पर्ने बताउँछन् । त्यसो गर्न सके मात्र भाषागत तथा तथ्यगत कमजोरीहरू हट्ने र स्तरीय पुस्तक निस्कने तर्क मार्टिन चौतारीद्वारा आयोजित सोही अन्तर्क्रिया कार्यक्रममा चौहानले राखेका थिए ।

## निष्कर्ष

अनुसन्धानको सबभन्दा महत्त्वपूर्ण पक्ष भनेकै त्यसको प्रकाशन हो । प्रकाशनको माध्यमबाट नै व्यक्ति वा संस्थाले गरेको अनुसन्धानबाट प्राप्त उपलब्धि, ज्ञान वा विचार अरू समक्ष पुऱ्याउन सकिन्छ। कुनै पनि प्राज्ञिक अनुसन्धान प्रकाशनमा नआउँदा त्यो सानो घेराभित्र मात्र सीमित हुन पुग्छ। अनुसन्धानबाट निसृत ज्ञानलाई व्यापक रूपमा समाजमा नपुऱ्याउने हो भने त्यो अनुसन्धानको कुनै अर्थ रहँदैन । प्रकाशनले एकातिर अनुसन्धाता आफैं र उसको अनुसन्धान कार्यलाई समाजमा उजागर गरिदिन्छ भने समाजले पनि निश्चित विषयबारे थप जानकारीमूलक सामग्री प्राप्त गर्दछ । एक व्यक्तिको अनुसन्धान वा मेहनतबाट प्रकाशित सामग्री त्यही क्षेत्रमा अनुसन्धान गरिरहेका अन्य व्यक्तिका लागि गतिलो स्रोत सामग्री हुने गर्दछ। यसकारण यस्ता सामग्रीको प्रकाशन जति व्यापक हुँदै गयो प्राज्ञिक अनुसन्धानको धरातल पनि त्यत्ति नै फराकिलो हुँदै जान्छ ।

पछिल्लो समयमा नेपाली मिडियाबारे पुस्तक प्रकाशनको बढ्दो मात्राले मिडियाको प्राज्ञिक अनुसन्धानको जग क्रमशः खडा हुन थालेको मान्न सकिन्छ । आमसञ्चारबारे सैद्धान्तिक ज्ञान प्राप्त गर्नका लागि पाठ्यपुस्तकको उपलब्धता तथा मिडियाका निश्चित क्षेत्र वा पाटोमा केन्द्रित भई प्रकाशन हुने स्रोत वा अनुसन्धानमूलक सामग्रीको बढ्दो सङ्ख्याका कारण मिडिया अनुसन्धान विस्तारै सहज बन्दै गएको छ । जे भए पनि अङ्ग्रेजी भाषामा पहुँच नहुने वा कम पहुँच हुने विद्यार्थी वा अनुसन्धानकर्ताका लागि आमसञ्चार तथा पत्रकारितासम्बन्धी सैद्धान्तिक ज्ञान प्राप्त गर्न नेपाली भाषामा र यहींका उदाहरणसहित लेखिएका पाठ्यपुस्तक उपलब्ध हुँदै गएका छन् । त्यस्तै, मिडियालाई विभिन्न सामाजिक

वर्ग वा समुदाय र मुद्दासँग जोडेर निकालिएका सन्दर्भ पुस्तकहरूको प्रकाशनले त्यस्ता विषयमा थप अनुसन्धानका लागि मार्ग प्रशस्त गरिदिएको छ ।

नेपाली मिडियाको क्षेत्रमा जे जसरी विभिन्न प्रकृतिका पुस्तक प्रकाशनको मात्रा बढ्दै गएको छ, त्यसमा धेरै पक्षको सहयोग र सहभागिता रही आएको छ । प्रमुख रूपमा लेखक, सम्पादक, प्रकाशक र दातृ समुदायले मिडियाको अनुसन्धान र प्रकाशनमा विस्तारै रुचि देखाउनु नेपाली मिडियामा प्राज्ञिक अनुसन्धानको वातावरण निर्माणमा सकारात्मक सङ्केत हो । तर मिडियासम्बन्धी बढ्दो गतिविधिका कारण यसमाथि अनुसन्धानको रुचि बढेको भए पनि यससम्बन्धी पुस्तक प्रकाशन गरेर व्यावसायिक रूपमा लेखक र प्रकाशक राम्ररी टिक्न सक्ने स्थिति अझै बनिसकेको छैन । तसर्थ व्यावसायिक हिसाबले मिडियासम्बन्धी अनुसन्धान तथा लेखनमा न त लेखकहरू नै आकर्षित हुन सकेका छन् न निजी वा सरकारी क्षेत्रका स्थापित प्रकाशकहरू नै मिडिया पुस्तक प्रकाशनका लागि जोसिएर लाग्न सकेका छन् । यसले गर्दा नेपाली मिडियाको अनुसन्धान, लेखन र प्रकाशन दातृ समुदायको सहयोगमार्फत नेपालका गैरसरकारी संस्थामा नै निर्भर रहेको छ । सन् २००३ र २००४ को आँकडालाई मात्र ख्याल गर्ने हो भने पनि प्रकाशितमध्ये दुई तिहाई पुस्तक गैरसरकारी सङ्घसंस्थाबाट प्रकाशित हुनु र त्यसमा पनि करिव तीन चौथाई पुस्तकको प्रकाशनमा दाताको सहयोग रहनुले यही कुरालाई पुष्टि गर्दछ ।

यसर्थ नेपाली मिडियाका पुस्तकको प्रकाशन दातृ निकायको सहयोगले नै धानेको छ भन्दा फरक पर्दैन । त्यस्ता दातृ निकायको सङ्ख्या पनि सीमित छ भन्ने कुरा सन् २००३ र २००४ को तथ्याङ्कबाट प्रस्ट हुन्छ । त्यस्ता केही प्रमुख दाताहरूले हात झिकिदिने हो भने मिडिया अनुसन्धान वा पुस्तक प्रकाशन धराशायी हुने देखिन्छ । यद्यपि नेपालका सबै क्षेत्रमा दाताको रुचि बढ्दै गएको वर्तमान परिवेशमा मिडियाको क्षेत्रबाट दाताले हात झिक्ने भन्ने कुरा अहिलेलाई केवल परिकल्पना मात्र हुन सक्छ । यथार्थ के हो भने नेपालमा मिडियाको प्राज्ञिक अनुसन्धानको एउटा प्रमुख संरचनाको रूपमा रहेको प्रकाशन क्षेत्रमा केही समयका लागि गैरसरकारी क्षेत्रको सक्रियता र दाताको निःसर्त सहयोग अझै रहिरहनु आवश्यक छ । तर आर्थिक स्रोत खोज्ने क्रममा खाली विदेशी दाताकै मात्र भर पर्नुपर्छ भन्ने चाहिँ छैन । स्वदेशमै पनि त्यस्ता स्रोतहरूको खोजी गर्न सकिन्छ ।

सानो कामका लागि आर्थिक स्रोत जुटाउन पनि प्रस्ताव बोकेर विदेशी दाताकहाँ दौडिहाल्ने प्रवृत्ति नेपालका गैरसरकारी संस्थाहरूमा हाबी छ । तर

आफ्नै देशभित्र निजी क्षेत्रबाट पनि बिनाकुनै सर्त सहयोग जुटाउन नसकिने होइन । यो कुरा मार्टिन चौतारीको एउटा पुस्तक (प्रधान २०६१) को प्रकाशनमा निजी क्षेत्रको हवाई कम्पनी बुद्ध एयरले गरेको सहयोगबाट पनि प्रमाणित भइसकेको छ । तर स्वदेशमा रहेका यस्ता स्रोतहरूको खोजी गर्नतिर गैरसरकारी संस्थाहरूको ध्यान गएको पाइँदैन ।

मिडियाको पठनपाठन तथा अध्ययन-अनुसन्धानमा बढ्दै गएको रुचिलाई हेर्दा भविष्यमा यसको बजार विस्तार हुँदै जाने र यो क्षेत्र आत्मनिर्भर बन्नेमा पनि उत्तिकै आशावादी हुन सकिन्छ । त्यसरी आत्मनिर्भर बनेको अवस्थामा भने नेपाली मिडियाको प्राज्ञिक अनुसन्धानको संरचना निर्माणमा केही फड्को मारिएछ भनेर मान्नुपर्ने हुन्छ ।